# विशेष अदालतबाट जारी सूचना

यस अदालतबाट मिति २०७८।१०।०५ को सूचना एवम् सो को संशोधन भएको मिति २०७८।१०।११ को सूचनाको सन्दर्भ, आधार र परिस्थितिमा तात्विक फरक नपरेको अवस्थामा सम्मानित सर्वोच्च अदालतको मिति २०७८।१०।१८ को सूचना बमोजिम यस अदालतको मिति २०७८।१०।१८ को पूर्ण बैठकबाट मिति २०७८।१०।२८ सम्मको सेवा सङ्कुचनलाई निरन्तरता दिने भनी निर्णय भएकाले सेवाग्राहीको प्रष्टताको लागि यो सूचना प्रकाशित गरिएको बेहोरा जानकारीका लागि अनुरोध छ।

१. <u>स्थगन गरिएका सेवाहरू:</u>

क. थुनुवा भएका मुद्दा बाहेकका अन्य मुद्दाको साप्ताहिक तथा दैनिक पेसी र सो को सुनुवाई।

ख. साक्षीको बकपत्र ।

ग. हाजिर हुन आउने एवम् वारेस अनुमति लगायतका निवेदन पेसी ।

२. <u>सुचारू गरिने सेवाहरू:</u>

क. थुनुवा भएका मुद्दाहरुको सुनुवाई (**भर्चुअल माध्यमबाट**)।

ख. आरोपपत्र/अभियोगपत्र दर्ता।

ग. आरोप-पत्र/अभियोग-पत्रसाथ उपस्थित गराइएका अभियुक्तको थुनछेक र म्याद थप (**भर्चुअल माध्यमबाट**)।

घ. तारेख

ङ. धरौटी फिर्ता र रोक्का फुकुवा सम्बन्धी सेवाहरू।

च. फैसला/आदेश/ कागजातहरुको प्रमाणित प्रतिलिपी सम्बन्धी सेवाहरू समेत

३. सम्मानित सर्वोच्च अदालत एवम् नेपाल सरकार र सम्बद्ध निकायहरूबाट विद्यमान परिस्थितिको मुल्याङ्कन गरी थप निर्णय/आदेश/ सूचना भएमा सो अनुरुप कायम हुने अवधिसम्म बुँदा नं. १ र २ बमोजिमको व्यवस्थापनलाई स्वतः निरन्तरता दिने।

२०७८।१०।१८।२

दिपेन्द्रनाथ योगी

(उप-रजिष्ट्रार/ प्रवक्ता)